11 September 2024

यो आकाशवाणी हो

समाचार पारसमणि दंगालबाट सुन्नुहोस्

मुख्य समाचार

- भारतलाई सेमीकन्डक्टर पावर हाउस बनाउन सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्रीले बताउनुभयो
- भारतलाई हरित हाइड्रोजनको वैश्विक हब बनाउन सरकारले प्रयास गरिरहेको प्रधानमन्त्रीको भनाई
- श्री गोयलले गर्नुभयो ट्रेड कनेक्ट ई-प्लेटफर्मको उद्घाटन
- केन्द्रीय मन्त्री श्री राजीव रञ्जन सिंहले प्रधानमन्त्री मत्स्य किसान समृद्धि सह-योजनाको गर्नुभयो शुभारम्भ
- दिल्लीका मुख्यमन्त्री श्री केजरीवालको न्यायिक हिरासत 25 तारिखसम्म बढ्यो , अनि
- मलेसियालाई हराएर भारत एसियन च्याम्पियन्स ट्रफी हकी प्रतियोगिताको सेमिफाइनलमा

**PM-सेमिकन**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो, आजको युग भनेको सिलिकन कूटनीतिको युग हो, यसैले सेमीकन्डक्टर पावर हाउस बन्न भारतले सबै पहल गर्नेछ। उहाँले भन्नुभयो, हरेक यन्त्रमा भारतमा बनेका चिप्स जडान गर्न सकियोस् भनेर सरकार देशमा चिप उत्पादनको संख्या बढाउने दिशामा केन्द्रित रहेको छ । आज ग्रेटर नोएडामा **SEMICON India** 2024 को उद्घाटन गरेपछि समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले यस्तो विचार साझा गर्नुभयो। सम्बोधनका क्रममा प्रधानमन्त्रीले देशमा इलेक्ट्रोनिक्स र सेमीकन्डक्टर उद्योगको विकासका लागि भएका विभिन्न पहलबारे प्रकाश पार्नुभयो। सरकारले वर्तमान दशकको अन्त्यसम्ममा देशको इलेक्ट्रोनिक्स क्षेत्रलाई 5 खरब डलरको उद्योग बनाउने लक्ष्य राखेको उहाँले बताउनु भयो । यसबाट 60 लाख रोजगार सिर्जना हुने उहाँले बताउनु भयो। प्रधानमन्त्रीले डिजिटल इन्डिया पहलको सफलतामाथि पनि प्रकाश पार्दै देशले यसको गुणात्मक प्रभाव देखिरहेको बताउनु भयो। सेमिकन इन्डियाले ग्लोबल सेमीकन्डक्टर विज्ञहरूको साझा मञ्चको रूपमा काम गर्नेछ। यसले वैश्विक नेताहरू, कम्पनीहरू र सेमीकन्डक्टर उद्योगका विशेषज्ञहरूलाई एकैसाथ ल्याउनेछ।

पीएम-ग्रीन हाइड्रोजन

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जलवायु परिवर्तन र ऊर्जा संक्रमण विश्वव्यापी चिन्ताको विषय रहेको उल्लेख गर्दै हरित हाइड्रोजनलाई प्रोत्साहित गर्न अन्तर्राष्ट्रिय साझेदारी महत्त्वपूर्ण रहेको बताउनु भएको छ।

हरित हाइड्रोजन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनलाई भर्चुअली सम्बोधन गर्दै प्रधानमन्त्रीले सहकार्यद्वारा उत्पादन वृद्धि, लागत न्युनीकरण र पूर्वाधार निर्माणमा तीव्रगतिमा अघि बढ्न सकिने बताउनुभयो । जलवायु परिवर्तन भविष्यको मात्रै नभई, वर्तमानमा पनि यसको प्रतिकुल प्रभाव देखिन थालेको उहाँको भनाइ थियो । श्री मोदीले भन्नुभयो, नवीकरणीय ऊर्जा र दिगोपन वैश्विक नीति निर्माणको लागि छलफलको केन्द्र बनेको छ। भारत स्वच्छ र हरित धरती बनाउन प्रतिबद्ध रहेको प्रधानमन्त्रीले बताउनुभयो। श्री मोदीले भन्नुभयो, हरित ऊर्जामा आफ्नो पेरिस प्रतिबद्धता पूरा गर्ने **G-20** देशहरू मध्ये भारत पहिलो हो। यी प्रतिबद्धताहरू सन् 2030 को लक्ष्यभन्दा नौ वर्ष अगाडि पूरा भएको उहाँले बताउनु भयो ।
भारतलाई हरित हाइड्रोजनको उत्पादन, प्रयोग र निर्यातका लागि वैश्विक हब बनाउन चाहेको प्रधानमन्त्रीले बताउनु भयो। प्रधानमन्त्रीले राष्ट्रिय हरित हाइड्रोजन मिसनले नवाचार, पूर्वाधार, उद्योग र लगानीलाई प्रोत्साहित गरिरहेको बताउनु भयो । उहाँले देशले अत्याधुनिक अनुसन्धान र विकासमा लगानी गरिरहेको छ, भन्नुभयो ।

गोयल-ट्रेड कनेक्ट ई-प्लेटफर्म

वाणिज्य एवम् उद्योग मन्त्री श्री पियुष गोयलले आज नयाँ दिल्लीमा भारतीय उद्यमीहरूका लागि अन्तर्राष्ट्रिय व्यापारलाई सहज बनाउन ट्रेड कनेक्ट ई-प्लेटफर्मको उद्घाटन गर्नुभयो। यस अनलाइन प्लेटफर्ममा उद्यमीहरूलाई अन्तर्राष्ट्रिय व्यापार नियम, व्यापार सम्झौता, व्यापार साझेदारी, भन्सार र विदेशी खरीददारसँग सम्बन्धित सबै जानकारी एकै ठाउँमा उपलब्ध गराइएको छ।

यस अवसरमा श्री गोयलले विभिन्न मन्त्रालय, संस्था र संगठनहरू बीचको व्यापक सहकार्यमा ट्रेड कनेक्ट ई-प्लेटफर्म सिर्जना गरिएको बताउनु भयो। यसको नयाँ संस्करण चाँडै हिन्दी र अन्य भारतीय भाषाहरूमा उपलब्ध हुनेछन्।

राष्ट्रपति - फ्लोरेन्स

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा 2024 को राष्ट्रिय फ्लोरेन्स नाइटिंगेल पुरस्कारले नर्सहरूलाई सम्मान गर्नुभयो। राष्ट्रिय फ्लोरेन्स नाइटिंगेल पुरस्कार सन् 1973 मा स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले स्थापना गरेको थियो। यो पुरस्कार नर्स तथा नर्सिङ पेशाले समाजमा प्रदान गरेको उत्कृष्ट सेवाको सम्मान स्वरुप प्रदान गरिन्छ ।

मत्स्य पालन योजना

केन्द्रीय मत्स्य पालन, पशुपालन एवम् डेरी मन्त्री श्री राजीव रञ्जन सिंहले आज नयाँ दिल्लीमा प्रधानमन्त्री मत्स्य किसान समृद्धि सह-योजनाको शुभारम्भ गर्नुभयो। प्रधानमन्त्री मत्स्य सम्पदा योजनाको चौथो वार्षिकोत्सवलाई सम्बोधन गर्दै श्री रञ्जनले सबै राज्य र केन्द्रशासित प्रदेशहरूलाई यस डिजिटल प्लेटफर्म मार्फत धेरै भन्दा धेरै माझीहरूलाई संलग्न गर्न अपील गर्नुभयो ।

श्री रञ्जनले माछापालन क्षेत्रमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको प्रयासको प्रशंसा गर्दै उहाँको नेतृत्वमा यस क्षेत्रको पूर्वाधार, प्रविधि र उत्पादनमा वृद्धि भएको बताउनु भयो। यस क्षेत्रमा बर्सेनी 60 हजार करोड रुपियाँ लगानी भइरहेको र विश्वका लगभग 120 देशमा माछा निर्यात भइरहेको उहाँले जनाउनु भयो ।

उहाँले भारत दोस्रो ठूलो माछा उत्पादन गर्ने देश रहेको र चाँडै नै पहिलो ठूलो माछा उत्पादन गर्ने देश बन्ने बताउनु भयो ।

यस अवसरमा, उहाँले वित्त वर्ष 2024-25 मा प्रधानमन्त्री मत्स्य सम्पदा योजना अन्तर्गत 721 करोड रुपियाँभन्दा धेरैको पाँच राष्ट्रिय प्राथमिकता परियोजनाको पनि उद्घाटन गर्नुभयो।

जम्मू कश्मीर- हरियाण चुनाउ

हरियाणा अनि केन्द्रशासित प्रदेश जम्मू कश्मीरमा विधानसभा चुनाउको प्रचारप्रसारले तिव्रता लिएको छ।

हरियाणामा 5 अक्टोबरको दिन राज्य विधानसभाका 90 सिटका लागि मतदान हुनेछ। अहिले उम्मेदवारहरूले मनोनयन पत्र बुझाउने क्रम जारी छ, जो भोलिसम्म चल्नेछ। मनोनयन पत्रहरूको जाँच 13 सितम्बरमा हुनेछ। 16 सितम्बर नाम फिर्ता लिने अन्तिम मिति रहेको छ। मतगणना 8 अक्टोबरमा हुनेछ।

यसैबीच, हरियाणा विधानसभा चुनाउका लागि आम आदमी पार्टीले आज आफ्नो चौथो सूची जारी गऱ्यो, जसमा 21 जना उम्मेदवारको नाम सामेल छ।

अर्कोतिर, जम्मु कश्मिरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले 14 सितम्बरको दिन डोडामा चुनावी जनसभा गर्ने कार्यक्रम रहेको छ। लोकसभामा विपक्षका नेता श्री राहुल गान्धीले पनि डोडामा चुनावी सभालाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ।

राज्यमा भारतीय जनता पार्टी र कंग्रेसका अन्य नेताहरूले पनि चुनावी सभाहरूलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

दिल्ली अदालत - केजरीवाल

दिल्लीको एउटा न्यायालयले आबकारी नीति घोटालाको सम्बन्धमा आज दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवालको न्यायिक हिरासत यस महिनाको 25 तारिखसम्म बढाएको छ। मुख्यमन्त्री श्री केजरीवालको न्यायिक हिरासतको अवधि सकिएपछि आज उहाँलाई दिल्लीको तिहाड जेलबाट भिडियो कन्फरेन्समार्फत राउज एभिन्यू न्यायालयमा पेश गरिएको थियो।

केन्द्र प्रतिबन्ध

केन्द्र सरकारले खालिस्तानी समर्थक समूह 'सिख्स फर जस्टिस' माथि लगाइएको प्रतिबन्ध थप पाँच वर्षसम्म बढाएको छ।  यो प्रतिबन्ध गैरकानूनी गतिविधि रोकथाम कानुन अन्तर्गत लगाइएको हो।

सरकारको सूचना अनुसार यो संगठन देशको अखण्डता र सुरक्षामा खतरा हुने गतिविधिमा संलग्न रहेको छ । केन्द्रले सन् 2019 मा संगठनमाथि प्रतिबन्ध लगाएको थियो ।

हकी च्याम्पियन्स ट्रफी

भारत एसियन च्याम्पियन ट्रफी हकी प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। चीनमा भइरहेको प्रतियोगितामा आज वर्तमान च्याम्पियन भारतले मलेसियालाई एकका विरुद्ध आठ गोलले पराजित गरेर लगातार तेस्रो जित दर्ता गर्दै अन्तिम चारमा प्रवेश गरेको हो । भारतका लागि राजकुमार पालले ह्याट्रिक गरेका थिए । यसअघि भारतले चीन र जापानलाई हराएको थियो।

मुख्य समाचार फेरि एकपल्ट

- भारतलाई सेमीकन्डक्टर पावर हाउस बनाउन सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्रीले बताउनुभयो
- भारतलाई हरित हाइड्रोजनको वैश्विक हब बनाउन सरकारले प्रयास गरिरहेको प्रधानमन्त्रीको भनाई
- श्री गोयलले गर्नुभयो ट्रेड कनेक्ट ई-प्लेटफर्मको उद्घाटन
- केन्द्रीय मन्त्री श्री राजीव रञ्जन सिंहले प्रधानमन्त्री मत्स्य किसान समृद्धि सह-योजनाको गर्नुभयो शुभारम्भ
- दिल्लीका मुख्यमन्त्री श्री केजरीवालको न्यायिक हिरासत 25 तारिखसम्म बढ्यो , अनि
- मलेसियालाई हराएर भारत एसियन च्याम्पियन्स ट्रफी हकी प्रतियोगिताको सेमिफाइनलमा